महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडावाज, दैलेख
(सूचना प्रविधि शाखा)
कर्णाली प्रदेश, नेपाल

प.सं.२०७८/०७९
च.नं. ६२६

मितिः२०७८।१०।२६

**श्री १ देखि ६ सम्मका वडाकार्यालयहरु सबै**
**महाबु गाउँपालिका, दैलेख।**

**विषयः सूचना टाँस गरिदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय सिंहदरवार, काठमाण्डौंको च.नं.३०० मिति २०७८।१०।२५ गतेको प्राप्त पत्र अनुसार **"बैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीहरुलाई राष्ट्रिय सम्मान तथा पुस्कारको"** आवेदन माग गरिएको सम्बन्धीत सूचना यसैमा संलग्न राखि पठाईएको छ। उक्त सूचनालाई तहाँको सूचना पाटीमा टाँस तथा प्रचार प्रसार गरि यस कार्यालयलाई जानकारी दिन हुन अनुरोध छ।

२०७८।१०।२६

.......................
भलाराम पंगाली
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**
श्री शिक्षा, युवा तथा खेलकुद शाखा, महाबु गाउँपालिका, दैलेख।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:- २०७८/०७९
चलानी नं.:- 300

मितिः- २०७८/१०/२५

विषयः- सूचना प्रकाशन सम्बन्धमा।

श्री स्थानीय तहहरु (सबै)।

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ३० मिति २०७८/१०/१८ को पत्रसाथ प्राप्त वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचनना संलग्न छ। विस्तृत व्यहोरा अवगत गरी सोही अनुसार गर्नु/गराउनहुन आदेशानुसार अनुरोध छ ।

०७८/१०/२५

चिरञ्जीवी नेपाल
शाखा अधिकृत

बोधार्थः
श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखाः- E-mail मार्फत जानकारी गराइदिनु हुन ।

श्री सूचना प्रविधि अधिकृतज्यू
यसैसाथ संलग्न सूचनालाई गाउँपालिकाको वेबसाइटमा राखि सबै वडा कार्यालयहरुलाई परिपत्र गर्नु होला
०७८/१०/२६

महाबु गाउँपालिका
दर्ता नं. ३६६५
दर्ता मिति २०७८/१०/२६

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(रोजगार तथा सूचना शाखा)

सिंहदरबार
काठमाण्डौ, नेपाल

च.न.:- रो स.सु. ०७८/७९- 30

मितिः२०७८।१०।१८

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

विषयः सूचना प्रकाशन सम्बन्धमा ।

यस मन्त्रालयबाट चालु आ.व.२०७८।७९ मा प्रदान गरिने 'वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कार' को लागि आवेदन माग गरिएको सूचना सबै स्थानीय तहको वेवसाइट तथा सूचनापाटीबाट प्रकाशन गर्न तहाँबाट सबै स्थानीय तहमा प्रेषित हुने व्यवस्थाका लागि उक्त सूचना यसै साथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(गिरिप्रसाद आचार्य)
शाखा अधिकृत

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी बसेका उद्यमीलाई राष्ट्रिय सम्मान तथा पुरस्कारको लागि आवेदन दिने सम्बन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मितिः-** २०७८ माघ १९ गते

वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारीमा योगदान गरिरहेका उद्यमीहरुलाई उनीहरुको योगदानको कदरस्वरुप पुरस्कृत गरी स्वरोजगारीलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदान गरिने पुरस्कारका लागि देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकले **"विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि (संसोधन समेत), २०७६"** को अनुसूची २ अनुसारको आवेदन फाराम भरी खामवन्दी गरी तपसिलमा उल्लेखित कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन (मिति २०७८।११।१०गते) भित्र यस मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा स्क्यान गरी मन्त्रालयको इमेल ठेगाना info@moless.gov.np मा पठाउनु हुन अनुरोध गरिन्छ ।आवेदनको फाराम र सो सम्बन्धी कार्यविधि यस मन्त्रालयको वेवसाइट www.moless.gov.np बाट download गर्न सकिनेछ। थप जानकारी लागि www.moless.gov.np हेर्नुहुन वा फोन नं. ०१-४२००४७६/मो. नं.: ९८४०६१०६३० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

| आवश्यक योग्यता | अनुसूची फाराम २ साथ संलग्न गर्नुपर्ने कागजात ( प्रतिलिपिको हकमा स्वयं प्रमाणित गर्नुपर्ने) |
|---|---|
| • कार्य भिसामा विदेश गई कम्तिमा १ वर्ष काम गरी फर्किएको,<br>• वैदेशिक रोजगारीबाट नेपाल फर्की व्यवसाय सञ्चालन गरेको न्यूतमन १ वर्ष पुरा भएको,<br>• विगत ५ वर्ष भित्र यस मन्त्रालयबाट यसप्रकारको पुरस्कार प्राप्त नगरेको । | १) नेपाली नागरिकताको प्रतिलिपि,<br>२) श्रम स्वीकृतिको प्रतिलिपि,<br>३) भिसा सहितको राहदानीको प्रतिलिपि,<br>४) व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>५)आय कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>६) गत आ.व. २०७७।०७८को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,<br>७) यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा । |

**पुनश्चः** विगत वर्षहरुमा यस प्रकारको पुरस्कारको लागि आवदेन पेश गरेका तर पुरस्कारको लागि छनौटमा नपरेका उद्यमीहरुले समेत आवेदन दिन सक्नेछन् ।